फोन नं. (Tel. No.) ०१-४४५१२४२ (01-4451242)
०१-४४५०३५६ (01-4450356)
०१-४४५२००० (01-4452000)

# कागेश्वरी-मनोहरा नगरपालिका
# KAGESHWORI-MANOHARA MUNICIPALITY

नगर कार्यपालिकाको कार्यालय (Office of Municipal Executive)
डाँछी, काठमाडौं, नेपाल (Danchhi, Kathmandu, Nepal)
बागमती प्रदेश (Bagmati Province)

मितिः २०७७/०९/२९

## प्रेस विज्ञप्ती

कागेश्वरी मनोहरा नगर कार्यपालिकाको मिति २०७७/०९/२६ गते नगर प्रमुख श्री कृष्णहरि थापाज्यूको अध्यक्षतामा बैठकको निर्णय बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ मा व्यवस्था भए अनुसार २०७७/०९/२७, २८ र २९ गते भएको नगरसभा तथा आ.व. २०७७/७८ को अर्धवार्षिक समिक्षा सभा नगर प्रमुख श्री कृष्णहरि थापाको अध्यक्षतामा सर्वसम्मत पारित भएका निर्णयहरु जानकारीको लागि यो विज्ञप्ती जारी गरिएको छ।

- स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा व्यवस्था भए बमोजिम आ.व. २०७७/०७८ का लागि नगर सभाबाट पारित स्वीकृत बजेटलाई कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही साधारण (चालु) तर्फको र पूँजिगत शिर्षकका केही रकम शिर्षकमा हेर फेर गरी कार्यपालिकाबाट निर्णय भई पेश हुन आएको प्रस्ताव पारित।
- नगर सभाले पारित गरेका आ.व. २०७७/०७८ का लागि वडामा तोकिएको बजेटको अधिनका योजना सोही बजेटको परिधिभित्र रहि वडा समितिको बैठकबाट निर्णय भै संशोधनका लागि पेश भएका योजनाको नाम र बजेट पारित।
- आ.व. २०७७/०७८ का लागि तोकिएका व्यवसाय करमा छुट हुन आएका व्यवसायहरुको वार्षिक करका दर तोक्न नगर कार्यपालिकाबाट अनुमोदन भै आएका शिर्षक र दरलाई अनुमोदन ।
- स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० मा व्यवस्था भए बमोजिम कार्यपालिकाले पारित गरि सभामा पेश हुन आएका "सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन सम्बन्धि विधेयक २०७७", "वातावरण तथा प्राकृतिक श्रोत संरक्षण विधेयक २०७७" लगायतका ऐन तथा कार्यविधिलाई पारित ।
- वेरुजु असुल उपर गर्न लेखा समितिले सिफारिस गरे अनुसार उपभोक्ता समितिबाट असुल उपर हुनुपर्ने र फरफारक गर्न बाँकी पेश्की रकम लाने उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यलाई कालो सूचिमा राखी नगरपालिकाबाट हुने सेवा प्रवाह तथा योजनामा सहभागी नगराउने प्रस्ताव पारित ।
- मुलपानी नगर अस्पताल हाल संचालनमा आएको छ । तर जनशक्तिको अपर्याप्तता भएकोले केही स्वास्थ्य तर्फका पदहरुको अस्थायी दरबन्दी थप गर्न नगर प्रमुखको संयोजकत्वको अस्पताल व्यवस्थापन तथा संचालक समितिको निर्णयबाट माग भई आएका अस्थायी दरबन्दी स्वीकृत गर्ने प्रस्ताव पारित ।
- तत्कालिन गा.वि.स. र नगरपालिकाले जारी गरेका मापदण्ड भन्दा पहिले निर्मित मापदण्ड विपरीतका भवनहरुलाई कैफियत सहितको निर्माण सम्पन्न प्रमाण-पत्र प्रदान गर्ने कार्य २०७७ माघ १ गते देखि पुनः सुचारु गर्ने, स्वीकृत नक्सामा सामान्य त्रुटी देखिएका निर्माण सम्पन्न घर निर्माण सम्पन्नका लागि तोकिएको जरिवाना लिई अन्तिम सम्पन दिने प्रस्ताव पारित।
- नगरसभामा पेस हुन आएका विषयगत शाखाका प्रगति विवरण उपर नगर सभामा रहेका सदस्य ज्यूहरुबाट सुझाव सहित पारित ।

राजाराम पुडासैनी
नगर प्रवक्ता